म.जि. प्र. का. द.नं. : १०६/०६८,  वर्ष ११,  अंक ३१९  सोमबार १३ असार २०७९  ने. सं. ११४२ तछलागा  27 Jun, 2022  www.sajhakuranews.com  पृष्ठ संख्या ४  मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सर्पको टोकाईबाट बचौं र बचाऔं ।**

☞ सर्पले टोकेका व्यक्ति आतिन सक्छन्, सान्त्वना दिऔं,
☞ सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
☞ सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
☞ गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
☞ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडाको बजेट दुई अर्ब ७१ करोड ७९ लाख

# पूर्वाधार, खेल र कृषि प्राथमिकतामा

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ हेटौंडा उपमहानगरपालिका नगरसभाको एघारौं अधिवेशनअन्तर्गत् दोस्रो बैठक आइतबार बसेको छ ।

अधिवेशनमा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँले २०७९/८० का लागि कूल दुई अर्ब ७१ करोड ७९ लाख ७२ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेका हुन् ।

आगामी आर्थिक वर्षको बजेटमा हेटौंडा उपमहानगरपालिकाले सबैभन्दा धेरै पूर्वाधार विकासमा बजेट विनियोजन गरेको छ । पूर्वाधार विकासतर्फ कूल एक अर्ब आठ करोड ४२ लाख रुपैयाँ बराबरको बजेट विनियोजन गरिएको छ ।

आर्थिक विकास क्षेत्रभित्रका समग्र योजनाका लागि १९ करोड ६९ लाख रुपैयाँ, सामाजिक विकासतर्फ ८३ करोड ६७ लाख १७ हजार रुपैयाँ, वातावरण तथा विपद् व्यवस्थापनमा समितितर्फ १२ करोड ६ लाख ८० हजार रुपैयाँ, सुशासन तथा संस्थागत विकासतर्फ ७ करोड ३३ लाख ५० हजार रुपैयाँ, अन्य विविध कोषहरूमा ९९ लाख रुपैयाँ र बागमती प्रदेश सरकारबाट हस्तान्तरित आयोजनाहरुमा ६ करोड ३ लाख ७० हजार रुपैयाँ विनियोजन गरिएको छ ।

नगरसभामा हेटौंडा उपमहानगरपालिकाका उपमेयर बानियाँले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए । उपमहानगरपालिकाले बजेटमा खेल क्षेत्रलाई पनि विशेष प्राथमिकता दिएको छ । उपमहानगरले खेल क्षेत्रका लागि तीन करोड ७३ लाख रुपैयाँ विनियोजन गरेको छ । उपमेयर बानियाँका अनुसार हेटौंडा-५ स्थित क्याम्पा रंगशाला निर्माणका लागि २५ लाख रुपैयाँ, नगरमा थप एक मिनि रंगशाला तथा फुटसल निर्माणका लागि ८० लाख रुपैयाँ, स्थानीय तह गोल्डकपका लागि २५ लाख र फुटबलको नियमित प्रशिक्षण र एकेडेमीका लागि ७५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

उपमेयर बानियाँले सीमान्तकृत तथा गरिब एक हजार पाँचसय ४१ घरपरिवारको स्वास्थ्य बिमाका लागि ५३ लाख रुपैयाँ विनियोजन गरिएको जानकारी दिए । चुनावमा घोषणा गरेअनुसार खानेपानी र विद्युत पनि नि:शुल्क उपलब्ध गराइने पनि बताइएको छ । आर्थिक विपन्नता भएका ५ जनालाई प्रत्येक वर्ष मेयर छात्रवृत्ति कार्यक्रमअन्तर्गत् एमबीबीएस अध्ययन गर्न वार्षिक छात्रवृत्ति उपलब्ध गराइने बजेटमा उल्लेख छ । उपमहानगरले हेटौंडा-१० स्थित एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माणका लागि १५ करोड रुपैयाँ, हेटौंडा-४, बासुदेव बहुउद्देश्यीय व्यापारिक भवन निर्माणका लागि ५ करोड रुपैयाँ, बृहत्तर चक्रपथ निर्माण गर्न ३ करोड रुपैयाँ, वडा तथा बस्तीस्तरीय पूर्वाधार निर्माण गर्न ३८ करोड ४० लाख रुपैयाँ विनियोजन गरेको छ ।



हेटौंडा-११ मा निर्माणाधीन प्रादेशिक थोक फलफूल तथा तरकारी बजार केन्द्रका लागि ३ करोड रुपैयाँ, पर्यटकीय पूर्वाधार योजना निर्माण गर्न ४ करोड १७ लाख रुपैयाँ, विद्यार्थी दिवा खाजा कार्यक्रमका लागि ३ करोड ५३ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

उपमहानगरपालिकाले तामाङ संग्राहलय स्थापना गर्न ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । उपमेयर बानियाँले जनसांख्यिक बाहुल्यताका आधारमा तामाङ जातिको भेषभूषा, कला, संस्कृतिलगायत मौलिक पहिचानको संरक्षण तथा प्रबर्द्धन गर्न उक्त बजेट विनियोजन गरेको उपमेयर बानियाँले बताए ।

यस्तै, उपमहानगरपालिकले मकवानपुरगढी गाउँपालिकास्थित ऐतिहासिक मकवानपुरगढी दरबार परिसरमा राष्ट्र निर्माता स्वर्गीय राजा पृथ्वीनारायण शाह र तत्कालीन मकवानपुर राज्यको सेनापति कनकसिं बानियाँको प्रतिमा राख्ने भएको छ । उपमहानगरपालिकाले परियोजना बैंकको लागि बजेट विनियोजन गरेको छ । परियोजना बैंक निर्माणको लागि १ करोड ४५ लाख बजेट विनियोजन गरेको उपमेयर बानियाँले जानकारी दिए ।

उपमहानगरपलिकाले नगरको बृहत्तर विकासमा महत्व राख्ने ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन, डिजाइन, ड्र्इङ, अनुसन्धान तथा परामर्श एवम् आवधिक योजना निर्माण गर्न परियोजना बैंक निर्माण गर्न लागेको बताए ।

उपमहानगरपालिकाले कृषि उपज व्यवसाय बाहेक फुटपाथ, साईकल, ठेला तथा घुम्ती व्यवसायहरुलाई करको दायरामा ल्याउने भएको छ । यसैगरी, व्यवसाय दर्ता नगरी व्यवसाय संचालन गरिरहेका व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गराइ करको दायरामा ल्याइने बताए ।

नगरसभामा नेकपा एमालेबाट निर्वाचित सदस्यहरुले उपमहानगरको केही ऐन नियमावल परिवर्तनको माग गर्दै शुक्रबारका लागि तय गरिएको नगरसभामा उपस्थिति नजनाएपछि नगरसभाको एघारौं अधिवेशनको दोस्रो बैठक आइतबारको लागि बोलाइएको थियो ।

नीति, कार्यक्रम र बजेट प्रस्तुतिपछि छलफल गरी पारित गर्ने, विषयगत समितिहरू सहमतिमा गठन गर्ने र नियमावली परिवर्तनका लागि नेकपा एमालेले राखेको मागको विषयमा उपयुक्त समयमा छलफल गर्ने गरी मौखिक सहमति भएपश्चात् अधिवेशनमा एमाले उपस्थित भएको उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

## हेटौंडा-६ का तीनसय ६९ बालबालिकालाई फाइजर खोप

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्वर ६ मा आइतबार तीनसय ६९ बालबालिकालाई कोरोनाविरूद्धको फाइजर खोप लगाइएको छ ।

सरकारको मकवानपुरसहित विभिन्न जिल्लामा कोरोनाविरूद्धको फाइजर खोप लगाउने अभियानअन्तर्गत् हेटौंडा-६ का तीनसय ६९ जना बालबालिकाले खोप लगाएका हुन् ।

बालजागृति युवा बर्ष मावि, श्रीकृष्ण आधारभूत विद्यालय र वंशगोपाल माविका ५ वर्ष पूरा भई १२ वर्ष मुनिका बालबालिकाले खोप लगाएको हेटौंडा स्वास्थ्य चौकीका प्रमुख टीएन ढुंगेलले जानकारी दिए ।

अभियानको हेटौंडा-६ का जनप्रतिनिधिले शुभारम्भ गरेका थिए । अभियान सोमबार पनि जारी रहने जनाइएको छ । सरकारले २७ जिल्लामा असार ९ देखि १५ गतेसम्म पहिलो र साउन २ देखि ८ सम्म दोस्रो डोज फाइजर खोप लगाउँदैछ ।

## ट्रक यातायात व्यवसायी महासंघको अध्यक्षमा हिरालाल श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ नेपाल ट्रक यातायात व्यवसायी महासंघको अध्यक्षमा हिरालाल श्रेष्ठ बिजयी भएका छन् ।

शनिबार सम्पन्न पन्ध्रौं साधारण सभा तथा सातौं महाधिवेशन अन्तर्गत् भएको निर्वाचनमा राजेन्द्रकुमार श्रेष्ठलाई पराजित गर्दै हिरालाल श्रेष्ठ आगामी ३ वर्षे कार्यकालका लागि महासंघको अध्यक्षमा बिजयी भएका हुन् । श्रेष्ठले एकसय २८ मत प्राप्त गर्दा पराजित श्रेष्ठले ४७ मतमात्र पाए । महासंघको वरिष्ठ उपाध्यक्षमा लोकराज पोखेल निर्बिरोध निर्वाचित भएका छन् ।

त्यसैगरी, उपाध्यक्षमा विष्णु न्यौपाने र कृष्णहरि जीसी क्रमश: एकसय ३४ र एकसय पाँच मत ल्याई बिजयी भएका हुन् । महासंघको महासचिवमा राजेन्द्र बिक्रम बानियाँ दोस्रोपटक पनि निर्विरोध निर्वाचित हुन् सफल भएका छन् । सचिवमा एकसय ३८ मत प्राप्त गरी उमेशचन्द्र मजगैयाँ विजयी भएका हुन् ।

त्यस्तै कोषाध्यक्षमा ओमकृष्ण कार्की निर्बिरोध निर्वाचित भएका छन् । महासंघको सह-कोषाध्यक्ष ७९ मत ल्याई राजन केसी निर्वाचित भएका छन् । महाधिवेशनले ७ जना प्रदेश संयोजकसहित १६ सदसीय महासंघको नयाँ कार्यसमिति चयन गरेको हो ।



**साधारण सभा सम्बन्धि सूचना**

यस यातायात व्यवसायी उपभोक्ता सहकारी संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम १३ औं वार्षिक साधारण सभा तथा अधिवेशन हुन गईरहेको हुदा सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि निम्नानूसारको मिति, समय र स्थानमा यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रमको मिति, समय र स्थान :**
मिति : २०७९/०३/१८ गते शनिबार
समय : बिहान ८.०० बजे
स्थान : रोयल पार्टी प्यालेस, हेटौडा-४

सुनिलकुमार न्यौपाने (सचिव)
**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०,मकवानपुर

## बालगृहमा आश्रित बालबालिकालाई शैक्षिक सामग्री सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ मकवानपुरको भीमफेदी गाउँपालिका-७ स्थित भीमफेदी बालगृहमा आश्रित बालबालिकालाई शैक्षिक सामग्री सहयोग गरिएको छ ।

सहयोगीदाताहरुले प्रदान गरेको शैक्षिक सामाग्री बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले वितरण गरेकी हुन् ।

बालगृहमा आश्रित २७ जना विद्यार्थीलाई स्टेशनरी सामान र ब्याग प्रदान गरिएको बाल संगठन मकवानपुरका सभापति अशोक सारु मगरले जानकारी दिए ।

बालगृहको अनुगमन गर्नुहुँदै मन्त्री मोक्तानले बालगृहको छात्राबासका लागि सामाजिक विकास मन्त्रालयले सहयोग गर्ने आश्वासन दिइन् । बाल संगठन मकवानपुरका सभापति मगरले बागमती प्रदेश सरकारले ३ सयदेखि ५ सयसम्म अट्ने बालगृह बनाउन सामाजिक विकासमन्त्री कुमारी मोक्तानलाई आग्रह गरे ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरु:**
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५१०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
**शुभारम्भ**
YADEA e-SCOOTERS






**Offer**
रु.१०,०००।- नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞ Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞ Full Charge ले १०० किमी कुद्ने ।
☞ २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत खपत ।
☞ ट्युबलेस टायर  ☞ ब्याट्रिमा एक वर्ष वारेन्टी

**वर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

# बजेट संशोधनको माग गर्दै संसद् बैठक अवरुद्ध

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ आइतबार बसेको बागमती प्रदेशसभा बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको अवरोधपछि आज सोमबारसम्मको लागि स्थगित भएको छ ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटमा व्यवसायीलाई फाइदा पुग्ने गरी करको दर निर्धारण गरेको, बजेटले सबै जिल्लालाई नसमेटेको, चुनावकेन्द्रित बजेट ल्याएको र एउटै योजना बजेट पुस्तिकमा धेरै स्थानमा दोहोरिएको आरोप लगाउँदै एमालेले बैठक अवरोध गरेको हो ।

उनीहरुले बजेटमा देखिएको त्रुटि सच्याउन ध्यानाकर्षण गराउँदा समेत प्रदेश सरकारले वास्ता नगरेको भन्दै बजेट संशोधन भएर नआएसम्म संसद चल्न नदिने बताएका छन् ।

बागमती प्रदेशका सभामुख सानु कुमार श्रेष्ठले आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जमकट्टेललाई विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुरोध गरेपश्चात् प्रमुख प्रतिपक्ष दलका प्रदेश सभा सदस्यहरुले उठेर बिरोध जनाएका थिए ।

प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले प्रदेशसभा स्थगितको माग गर्दै विरोध जनाएपछि प्रदेशसभा सदस्य दीपक निरौलालाई बोल्ने समय दिइएको थियो ।

प्रमुख प्रतिपक्ष दलले सरकार पक्षको राजनीतिक दलका भातृ संगठनलाई बजेट छुट्याएकोमा आपत्ति जनाएका छन् । प्रमुख प्रतिपक्ष दलको तर्फबाट बोल्दै प्रदेशसभा सदस्य दीपक निरौलाले



प्रदेश सरकारले चुनाव लक्षीत गरेर साना र टुक्रे योजना ल्याउने काम गरेको आरोप लगाए ।

प्रदेश सरकारको बजेटले करको विषय, मूल्यबृद्धि, गौरवका योजनाहरु, बहुवर्षीय योजना र क्रमागत योजनाहरुको निरन्तरता जस्ता विषयलाई नसमेटेको निरौलाको आरोप छ । उनले प्रदेश सरकारले१३ वटा जिल्लालाई समानुपातिक रुपमा बजेट विभाजन नगरेको बताए । प्रदेश सरकारको बजेट मूल्य र मान्यताको आधारमा नभएको उनको भनाइ छ ।

मुख्यमन्त्री र आर्थिक मामिला तथा योजना मन्त्रीको गृह जिल्लामा धेरै बजेट विनियोजन गरिएकोमा पनि उनले आपत्ति जनाएका छन् । सरकारले सिमेन्ट उद्योगबाट उठ्ने गरेको राजश्व गुमाउन गइरहेको भन्दै निरौलाले समानुपातिक रुपमा विनियोजन गर्नु पर्ने बजेटमा कमी आइरहेको बताए । नीतिगत रुपमा गरिने भ्रष्टाचार गम्भिर प्रकृतिको भष्टाचार रहेको भन्दै हटाउन उनले माग गरे ।

यस्तै, अबैध रुपमा राज्यको प्राकृतिक स्रोत साधनको दोहन गर्नेलाई कारबाही गर्नुपर्ने भएपनि सरकारले प्रोत्साहन गर्ने गरी ९० प्रतिशत छुट गरेर अर्को गम्भिर त्रुटि गरेको उनको आरोप छ । विकास र महंगीलाई नियन्त्रण गर्ने तर्फ बजेट नरहेको भन्दै असमानुपातिक रुपमा गरिएको बजेट बाँडफाँटलाई हटाउन निरौलाले आग्रह गरे ।

बजेटमा देखिएको त्रुटिहरुलाई सच्याएर बजेट संशेधन गरेर नल्याएसम्म एमालेले संसद चल्न नदिने बताएपछि सभामुख श्रेष्ठले आज सोमबार बिहान ११ बजेसम्मको लागि बैठक स्थगित गरेका थिए ।

## एमालेले मुख्यमन्त्रीलाई फिर्ता गऱ्यो बजेट पुस्तिका

हेटौंडा, १२ असार/ प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट पुस्तिका सरकारलाई नै फिर्ता गरेको छ ।

एमालेले बजेट संशोधन गरेर आउनुपर्ने माग गर्दै मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेलाइ बजेट पुस्तिका फिर्ता गरेको हो । प्रदेशको सबैभन्दा ठूलो दललाई बाइपास गरेर बजेट निर्माण गरिएको आफ्नो सरकार हुँदा सुरु गरिएका योजनाहरू कटौती भएको र चुनाव लक्षित कार्यक्रम ल्याएको एमालेको आरोप छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेर एमालेका सांसदहरूले आफूहरूको योजना बजेटमा नसमेटिएको भन्दै



विरोध गरेर बजेट वक्तव्य फिर्ता गरेका थिए । बजेट सन्तुलित नभएको र यसले जनताको हित पनि नगर्ने एमाले संसदीय दलको नेता अष्टलक्ष्मी शाक्यले बताइन् । उनले चुनाव लक्षित गरेर साना योजना ल्याइएको भन्दै बजेट संशोधन भएर नआएसम्म संसद चल्न नदिने बताइन् ।

# नेपाल डेरी एशोसिएसनको अध्यक्षमा दाहाल सर्वसम्मत



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ नेपाल डेरी एशोसिएसनको ८ औं महाधिवेशनबाट अध्यक्षमा प्रल्हाद दाहाल सर्वसम्मत चयन भएका छन् ।

शुक्रबार र शनिबार हेटौंडामा सम्पन्न भएको नेपाल डेरी एशोसिएसनको २२ औं वार्षिक साधारणसभा तथा ८ औं राष्ट्रिय महाधिवेशनले दाहालको अध्यक्षतामा २९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । संघको निवर्तमान अध्यक्ष राधाकृष्ण सापकोटा पदेन सदस्य, वरिष्ठ उपाध्यक्षमा राजन चिमरिया, प्रथम उपाध्यक्ष दीपप्रसाद धमला, द्वितीय उपाध्यक्ष कर्णबहादुर हमाल, तृत्तीय उपाध्यक्ष रेशमबहादुर खड्का, चौथो उपाध्यक्ष मनोजकुमार घिमिरे चयन भएका छन् ।

यस्तै महासचिव हेमचन्द्र खनाल, उपमहासचिवमा विजयप्रसाद चौरसिया, कोषाध्यक्ष दयाराम भण्डारी, सचिवमा शिवहरि आचार्य, सहकोषाध्यक्ष रामभक्त दाहाल, सहसचिव शिव भुषाल चयन भएका छन् । एशोसिएसनको कार्यसमिति सदस्यमा १४ जना रहेका छन् भने नेपाल डेरी एशोसिएसन प्रदेश समिति अध्यक्ष केन्द्रको पदेन सदस्य रहने व्यवस्था छ ।

# महिला उद्यमी उपज प्रदर्शनी मेला आजबाट हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ बागमती प्रदेशको राजधानी हेटौंडामा पहिलो पटक प्रदेश स्तरीय महिला उद्यमी सम्मेलन तथा उपज प्रदर्शनी (मेला) आजबाट हुँदैछ ।

बागमती प्रदेश सरकार उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आयोजना तथा नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश समिति तथा प्रदेश महिला उद्यमी समितिको समन्वयमा आजबाट मेला हुन लागेको हो ।

आज असार १३ र भोली १४ गते हेटौंडाको रोयल पार्टी प्यालेसमा महिलाले उत्पादन गरेको सबै प्रकारको उपजहरुलाई प्रदर्शनीमा राखिने नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश समिति कार्यवाहक अध्यक्ष तथा प्रदर्शनी कार्यक्रमका संयोजक तारानाथ चौलागाईले बताए । चौलागाईका अनुसार प्रदर्शनीमा कम्तिमा ५० वटा स्टलहरुमा महिलाले उत्पादन गरेको उपजहरु राखिने छ । सम्मेलनमा सहभागीका रुपमा प्रदेशको १३ वटै जिल्लाबाट ७८ जना महिला उद्यामी प्रतिनिधिहरु, ३२ जना प्रदेश समिति तथा स्थानीय महिला उद्यमीहरु र २० जना आमन्त्रित महिला उद्यमीहरु रहने चौलागाईले बताए । यसैगरी १३ जिल्लामा ३९ जना उद्यमीहरु उपज प्रदर्शनीमा सहभागी हुनेछन् । उनीहरुलाई उपज प्रदर्शनीको लागि नि:शुल्क स्टल उपलब्ध गराइने छ भने बस्ने र खाने व्यवस्थासमेत आयोजकले नै व्यहोर्ने छ ।

प्रदर्शनीसँगै व्यवसयीक कार्याशाला समेत हुनेछ । कार्यशालामा विज्ञको कार्यपत्र प्रस्तुती हुनेछ । कार्यपत्रबाट कसरी व्यवसाय गर्ने भन्ने बारे शिक्षा समेत प्राप्त गर्न सकिने आयोजकले जनाएको छ । बिज्ञसंग व्यवसायीक अवसर, चुनौती बारे छलफल र जानकारी हुने, आपसी सम्पर्क बढ्ने हुँदा महिलाको लागि यो अवसर हुने संघको मकवानपुर जिल्ला महासचिव कुमार पौडेलले बताए । प्रदर्शनीमा ३० लाख खर्च अनुमान गरिएको संयोजक चौलागाईंले बताए । चादीको सामग्रीदेखि डलकुशनसम्मको प्रदेशनी रहने उनले बताए । प्रदर्शनी आम्दानीभन्दा महिलाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको निर्देशनालयले जनाएको छ ।

प्रदर्शनीबाट उद्यमी महिलाहरुसँगै सम्बन्धित जिल्लाको पहिचान बढ्ने र उद्यमी महिलाहरुलाई आपसी परिचय र छलफलले व्यवसायमा सफलता हासिल गर्न बल पुग्ने नेपाल घरेलु तथा साना उद्योग संघ मकवानपुर जिल्ला महिला उद्यमी समिति सभापति सन्तोषी बानियाँले बताइन् ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्बोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)

# वैदेशिक रोजगारको क्रममा अशुल गर्न बाँकी रकम परिवारलाई उपलब्ध

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ वैदेशिक रोजगारको क्रममा भएको ठगी, मृत्यु तथा विदेशी रोजगारदाता कम्पनी वा व्यक्तिसँग असुल गर्न बाँकी रहेको रकम सम्बन्धित परिवारलाई उपलब्ध गराइएको छ ।

हेल्भिटास नेपालको सहकार्यमा मकवानपुरमा सञ्चालित सुरक्षित आप्रवासन स्रोत केन्द्रले असुल गर्न बाँकी रहेको २ करोड ५२ लाख ५७ हजार रुपियाँ सम्बन्धित परिवारलाई उपलब्ध गराएको हो । सुरक्षित आप्रवासन सामी परियोजना कार्यक्रम संयोजक अन्जिता थापा मगरले लामो समयको पहलपछि उक्त रकम पीडितलाई दिलाउन सफल भएको बताइन् ।

उनले पीडितहरुलाई न्यायमा पहुँच बृद्धिको लागि सहयोग गर्ने क्रममा १८ वटा ठगीको, १५ वटा उद्दार तथा २४ वटा मृत्युको घटनामा उक्त रकम दिलाउन सफल भएको बताइन् । केन्द्रमा ठगीको ५० वटा,



उद्दारको २५ वटा तथा मृत्युको २८ वटा केस दर्ता भएकोमा अन्य केसहरुको काम प्रक्रियामा रहेको बताइएको छ । केन्द्र मार्फत गतवर्ष ६४ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको थियो भने यो वर्ष ८५ जनालाई यो सेवा प्रदान गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुर, सुरक्षित आप्रवासन परियोजना अन्तर्गत मनोसामाजिक परामर्शकर्ता पार्वती बिकले बताइन् । विदेश जान चाहनेहरुलाई आवश्यक सूचना तथा परामर्श, विदेशमा रहेकाहरुको परिवारलाई वित्तीय शिक्षा तथा मनोसामाजिक परामर्श, र वैदेशिक रोजगारबाट फर्किएकाहरुबाट सूचना तथा अनुभव आदन प्रदानको लागि यो परियोजनाले समुदायस्तरका काम गर्ने गरेको छ । एकीकृत ग्रामीण विकास सेवा संस्थाको साझेदारीमा यो परियोजना स्थानीय तहमार्फत नै सञ्चालन हुदैं आएको छ । परियोजनाको वार्षिक समीक्षाको लागि आयोजना गरिएको कार्यक्रममा हेल्भिटास नेपाल कार्यक्रम अधिकृत उमा पौडेलले केही स्थानीय तहहरुले वैदेशिक रोजगारको सवाललाई महत्व दिएको भए पनि धेरै जसो स्थानीय तहहरुले वैदेशिक रोजगारको सवाल आफ्नो सवालको रुपमा नलिएको गुनासो गरिन् ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले परिवारलाई समृद्ध, सुमधुर र वित्तीय रुपमा सफल बनाउन यो परियोजनाको महत्वपूर्ण योगदान रहेको बताइन् । विगतका जनप्रतिनिधिहरुले भौतिक विकास निर्माणमा चासो राखेको भएपनि अबका जनप्रतिनिधिहरुले सामाजिक विकासमा ध्यान दिने अपेक्षा आफूले राखेको लामिछानेले बताइन् ।

## नयाँ मन्त्रीको शपथ आज



काठमाडौं/ नेकपा (एकीकृत समाजवादी)बाट मन्त्रिपरिषदमा इन्ट्री गरेका नयाँ मन्त्रीको शपथ अजा बिहान हुने भएको छ । राष्ट्रपति कार्यालयबाट सोमबार बिहान ११ बजे शपथ ग्रहणका लागि खबर आएको नवनियुक्त मन्त्री मेटमणि चौधरीले जानकारी दिए ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्रीमा जीवनराम श्रेष्ठ, शहरी विकास मन्त्रीमा मेटमणि चौधरी, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा शेरबहादुर कुँवर, स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा भवानी खापुङ र स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीमा हीरा केसी नियुक्त भएका हुन् । -साभार: नेपालखबर

# दुग्ध क्षेत्रको समस्या र समाधानको उपायबारे छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ बागमती प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गतको प्रदेश दुग्ध विकास बोर्डले दुग्ध क्षेत्रको समस्या र समाधानको उपायको बारेमा सरोकारवालाहरुसँग छलफल गरेको छ ।

आइतबार बोर्डले राष्ट्रिय दुग्ध विकास बोर्डको सहकार्यमा आयोजना गरेको कार्यक्रममा नेपालमा नै दुग्ध क्षेत्रमा देखिएको समस्या र समाधानको विषयमा छलफल गरेको हो । कार्यक्रममा नेपालको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेको दुग्ध पदार्थको विविधिकरणमा कमी हुनु,आयात प्रतिस्थापन नहुनु तथा निर्यात प्रवर्द्धन नहुनु यस क्षेत्रको समस्या रहेको सरोकारवालाहरुले बताएका थिए । राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक राजेन्द्र प्रसाद यादवले नेपालमा प्रतिव्यक्ति ७ लिटर दुधको अझै अभाव रहेको बताए । एक जनालाई ९१ लिटरसम्म दुधको आवश्यकता पर्नेमा ८४ लिटरमात्रै पुगेको भन्दै उनले अझै ७ लिटर दुध अभाव रहेको बताए । यादवले दुधको उत्पादन बढाउन प्रादेशिक बोर्डसँग सहकार्यको प्रस्ताव पनि गरे । कार्यक्रममा बोल्दै बागमती प्रदेशको कृषि तथा पशुपन्क्षी विकास बसुन्धरा हुमागाईंले दुध संकलन, भण्डारण तथा वितरण प्रक्रिया गुणस्तरीय नभएको बताए । उनले किसानबाट अनुदान नपाएको गुनासो आएकोले त्यस प्रति प्रदेश सरकारले ध्यान दिएको बताए । उनले नेपालको दुधलाई विविधकरण गरिनुपर्नेमा जोड दिए । मन्त्री हुमागाईंले साउन १ गतेबाट ५० लिटर दुध संकलन गर्ने सहकारीलाई पनि वैद्यानिकता दिने दावी गरे ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**हार्दिक बधाई तथा शुभकामना**



यस सार्वजनिक मकवानपुर यातायता प्रा.लि.लाई संस्थागत साथ सहयोग र माया गरिरहनुहुने यातायात यवसायीहरुका अग्रजहस्ती एवम् हाम्रा आदरणीय मित्र पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.का अध्यक्ष **श्री हिरालाल श्रेष्ठ ज्यु** नेपाल ट्रक यातायात व्यवसायी महासंघको सातौं महाधिवेशनबाट गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा यहाँलगायत सम्पूर्ण नवनिर्वाचित सञ्चालक समितिलाई हार्दिक बधाई तथा कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

ज्ञानेन्द्र बहादुर कार्की (अध्यक्ष)
**सार्वजनिक मकवानपुर यातायत प्रा. लि.परिवार**
हेटौंडा, मकवानपुर

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना